# Association of International NGOs in Nepal

http://www.ain.org.np

## AIN Recommended
## INGO-NGO Partnership Guidelines for working in Nepal

We, the INGO (International Non Governmental Organization) community, have shared goal of Poverty Reduction and of Sustainable Development in Nepal. We believe that protection from human rights abuses, physical threats, violence and extreme economic, social and environmental risks, and territorial and sovereignty threats are a necessary preconditions to achieve our goal and to make lasting, positive improvements in the lives of all Nepali people.

We believe that a real strength of the International Non- Governmental Organization (INGO) sector in Nepal is our diversity.
We are encouraged that each agency has its own specific goals, objectives, values, policies and methods of working.

We believe in the purpose of the global NGO movement and its essential diversity.

In this poster, AIN wishes to outline some guiding principles and basic partnering requirements recommended for INGOs working in partnership with Non-Governmental Organizations (NGOs) in Nepal.

### Guiding Principles for INGO-NGO partnership in Nepal:

- **Common Purpose** of our organizations is working for poverty reduction, sustainable development, and protection and promotion of human rights.
- **Commitment to equity and diversity** of people both within our organizations and among those we work with, in terms of age, caste, class, ethnicity, gender and religion.
- **Grounded in civil society** we honestly represent and respect the interests of the members of civil society we work with and they actively participate in the development, implementation and evaluation of our programs.
- **Accountability** to stakeholders, including rights-holders, for the effectiveness and efficiency with which we use the resources we mobilize, and they are able to openly express their rights, choices and concerns.
- **Transparency** to stakeholders about who we are and how we raise and use our resources, maintain records and make decisions that affect all rights holders involved in our work.
- **Performance oriented** to achieve the best results possible based on targets and achievements agreed with those we work for/with and those we mobilize resources from.
- **Mutual learning and sharing** with implementing and funding partners to ensure benefits are maximized for the sustainability of communities and organizations.
- **Longer term partnerships** to assist communities and organizations develop their capabilities to improve the implementation and sustainability of their programs.
- **Coordination between donors, projects and local implementers** to ensure support provided to partners is well-coordinated and used efficiently so that resources are not duplicated, wasted and misdirected.

### Basic Partnering Requirements:

- **Legal registration** of our organizations and our partner organizations with the government in order that administrative and financial transactions are in full compliance with all relevant legislation and regulations, including taxation and labor laws.
- **Selection of partners** by our organizations is transparent and based on clear selection criteria.
- **Written contractual agreement** drawn up together by the partners in a language understood by all, which specifies the minimum standards agreed, including the program objectives of the partnership, the agreed indicators, time-bound targets for performance, and the resources to be mobilized.
- **Active Board (executive committee)** which is independent of the management of our organizations, and exercises oversight according to the letter and spirit of each organization's constitution, including holding regular assemblies and elections.
- **Vision, goal and objectives** are publicly established by our organizations and we monitor our performance through clearly defined indicators, measurements and targets.
- **Representation of community diversity** on the board (executive committee) and among the staff of our organizations.
- **Non-partisan**, non-party political, non-religious, and non-violent.
- **Participation of community** in planning, implementation, monitoring, and evaluation of the programs of our organizations.
- **Stakeholder consultations and evaluations** are conducted regularly with key stakeholder to improve the effectiveness and impact of the program.
- **Accurate financial accounting** of our complete financial transactions within the organization and with others.
- **Transparent reporting and policies** concerning the operations of our organizations and the progress of our programs are made avilable to stakeholders.
- **Human resource management** best practices are applied to ensure personnel are clear on their responsibilities and their rights.

*We will seek every opportunity to enter into constructive dialogue with all key stakeholders in the districts, villages and communities where we work. Indeed, we hope that discussion of these stated principles and operating guidelines, especially the internationally defined principles and standards of human rights that underpin them, will contribute to building stronger, more meaningful, and more lasting and more successful partnerships in the best interests of Nepal, its people and its future development.*

AIN, (Association of International NGOs in Nepal) is an association of more than 70 International NGOs working in Nepal.

# अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ (अगैसस) नेपाल

http://www.ain.org.np

## नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू (अगैसस) तथा गैरसरकारी संस्थाहरू (गैसस) बीच हुने साझेदारीका लागि अगैससद्वारा सिफारिश गरिएका मार्गदर्शनहरू

हामी अन्तर्राष्ट्रिय गैरसरकारी संस्था समुदायको नेपालमा गरिबी निवारण गर्ने तथा दिगो विकास हासिल गर्ने साझा लक्ष्य र बुझाई रहेको छ। हामी विश्वास गर्छौं कि हाम्रा लक्ष्यप्राप्ति गर्न तथा सम्पूर्ण नेपाली जनताको जीवनमा दीर्घकालीन सकारात्मक सुधार ल्याउनका लागि मानवअधिकारको हनन्, भौतिक त्रास, हिंसा, उच्च आर्थिक, सामाजिक तथा वातावरणीय जोखिमहरु, साथै प्रादेशिक तथा सार्वभौमिकतामाथि आईपर्ने खतरा आदि कुराहरु अवरोध हुन सक्नेछन्। तसर्थ, यी अवरोधहरुबाट नेपाल र नेपाली जनताहरुलाई संरक्षण गर्नु हाम्रो अनिवार्य शर्त हुनेछ।

हामी विश्वास गर्छौं कि नेपालमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था क्षेत्रको वास्तविक शक्ति भनेकै हाम्रो विविधता हो। हाम्रा प्रत्येक संस्थाका आफ्नै विशेष लक्ष्यहरू, उद्देश्यहरू, मान्यताहरू, नीतिहरू र कार्यशैलीहरु छन् र हामी तिनैबाट प्रोत्साहित छौं।

हामी विश्व गैसस आन्दोलनको उद्देश्य तथा यसको अपरिहार्य विविधतामा विश्वास गर्दछौं।

यस पोस्टरमा नेपालका गैससहरूसंग साझेदारीमा काम गरिरहेका अगैससहरूका लागि सिफारिश गरिएका केही मार्गदर्शन सिद्धान्तहरू एवं साझेदारीका आधारभूत शर्तहरू प्रस्तुत गरिएका छन्।

### नेपालका अगैसस–गैसस साझेदारीका लागि मार्गदर्शन सिद्धान्तहरू:

- हाम्रा संस्थाहरूको साझा उद्देश्य गरिबी निवारण, दिगो विकास मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नु हो।
- हाम्रा संस्थाभित्रका र हाम्रो कार्यक्षेत्रका व्यक्तिहरूको उमेर, जाति, वर्ग, लिङ्ग र धर्मलाई कदर गर्दै उनीहरु प्रति समताको भावना राख्दछौं र विद्यमान विविधताप्रति प्रतिवद्ध रहनेछौं।
- नागरिक समाजसँगै रहेर, हामीसंग काम गर्ने नागरिक समाज र तिनका सदस्यहरूको अभिरूचिलाई इमान्दारीपूर्वक प्रतिनिधित्व तथा कदर गर्दछौं जसले गर्दा उनीहरू हाम्रा कार्यक्रमहरूको विकास, कार्यान्वयन र मूल्याङ्कनमा सक्रिय रुपमा सहभागी हुन सक्नेछन्।
- हामीले परिचालन गरेका साधनस्रोतको प्रभावकारी उपयोगको निम्ति हामी हाम्रा सरोकारवाला र अधिकारवाला समुदायप्रति उत्तरदायी रहनेछौं जसले गर्दा उनीहरुले आफ्ना अधिकार, चासो र सरोकारहरू खुलारूपमा व्यक्त गर्न सक्ने अवसर पाउनेछन्।
- हाम्रा काममा संलग्न अधिकारवालाहरूलाई प्रभाव पार्ने कुराहरू जस्तै– हामी को हौं, हामीले कसरी स्रोतसाधनहरू जुटाई रहेका छौं, तिनको अभिलेख कसरी राख्दछौं र कसरी निर्णय गर्दछौं भन्नेबारेमा सरोकारवालाहरूसित पारदर्शी बन्दछौं।
- हामी जसका निम्ति जोसंग काम गर्दछौं र जसमार्फत् स्रोत–साधनहरू परिचालन गर्दछौं उनिहरूसंग सहमति भएअनुरूप लक्ष्य तथा प्रगतिमा आधारित रही सम्भव भएसम्म राम्रो परिणाम हासिल गर्नको लागि कार्यसम्पादन तर्फ उन्मुख रहनेछौं।
- समुदायहरु र संस्थाहरुको दिगोपनाको लागि कार्यक्रमहरुबाट अधिकतम लाभ सुनिश्चित गर्न कार्यान्वयन र आर्थिक सहयोग गर्ने साझेदार संस्थाहरुसंग पारस्परिकरूपमा सिक्ने र सल्लाह आदान–प्रदान गर्दछौं।
- समुदाय र समुदायमा आधारित संस्थाहरुको क्षमता विकास भएमा मात्र उनीहरुसंग साझेदारीमा गरिने हाम्रा कार्यक्रमहरुको कार्यान्वयन र दिगोपनामा सुधार आउने हुंदा हामी त्यसको लागि उनीहरुसंग दीर्घकालीन साझेदारी गर्दछौं।
- हामीले आफ्ना साझेदार संस्थाहरूलाई उपलब्ध गराएको सहयोगको समुचित प्रयोग गर्न (दोहोरो खर्च नहुने, खर्च खेर नजाने र नचाहिने क्षेत्रमा स्रोत प्रवाह नहुने) दातृ संस्था, परियोजना र स्थानीय तहमा कार्यान्वयन गर्ने व्यक्तिहरुबीच समन्वय कायम गर्नेछौं।

### साझेदारीका आधारभूत शर्तहरू:

- हाम्रा संस्थाहरू तथा साझेदार संस्थाहरूलाई सम्बद्ध सरकारी कार्यालयमा दर्ता गरी हाम्रा सबै प्रशासनिक र आर्थिक कारोवारहरू प्रचलित नीति, नियम र कानुनका साथै कर तथा श्रमसम्बन्धी नियम अन्तर्गत सञ्चालन हुने सुनिश्चित गर्नेछौं।
- हाम्रो संस्थाहरुले साझेदार संस्थाहरुको छनौट प्रक्रिया पारदर्शी र स्पष्ट निर्धारित छनौटको आधारमा गर्नेछौं।
- साझेदारीमा सञ्चालन हुने कार्यक्रमका न्यूनतम स्वीकृत मापदण्डहरु, उद्देश्यहरू, सहमति भएका सूचाङ्कहरू, कार्यसम्पादनका लागि उपलब्ध समय, कार्यक्रमको लक्ष्य तथा परिचालन गरिने स्रोतहरू आदि उल्लेख गरी सबैले बुझ्ने भाषामा लिखित करार सम्झौता गर्नेछौं।
- हाम्रा संस्थाहरुको व्यवस्थापनबाट स्वतन्त्र रहने गरी हरेक साझेदार संस्थामा एक क्रियाशील सञ्चालक समिति (कार्यकारी समिति) को व्यवस्था गरिनेछ। यसले प्रत्येक संस्थाको विधानमा लेखिएको शब्द तथा मर्मअनुरूप कार्यहरु गर्ने छ जसमा नियमित साधारण सभा तथा चुनाव सञ्चालन समेतका कार्यहरू पर्नेछन्।
- हाम्रा संस्थाहरुका परिकल्पना, लक्ष्य तथा उद्देश्यहरू सार्वजनिक रूपमा स्थापित गरिनेछन् र हामीले स्पष्टसंग निर्धारण गरेको सूचाङ्क मापनस्तर तथा लक्ष्यहरूका आधारमा कार्यसम्पादनको अनुगमन हुनेछ।
- हाम्रा संस्थाहरुको कार्यकारी समिति तथा कर्मचारीहरूमा सामुदायिक विविधताको प्रतिनिधित्वको व्यवस्था मिलाउनेछौं।
- हामी गैरराजनीतिक, गैरदलीय, गैरधार्मिक एवं अहिंसात्मक संस्थाका रूपमा परिचालित हुनेछौं।
- हाम्रा संस्थाका कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनमा समुदायको सहभागिता रहनेछ।
- नियमितरूपमा सरोकारवालाहरूसंग परामर्श तथा मूल्याङ्कन गरिनेछ।
- संस्थाभित्र तथा अन्य पक्षसंग हुने सम्पूर्ण आर्थिक कारोबारहरूको यथार्थ आर्थिक लेखा राखिनेछ।
- हाम्रा संस्थाहरुका सञ्चालनसम्बन्धी नीति तथा हाम्रा कार्यक्रमहरूको प्रगतिबारे सरोकारवालाहरूलाई पारदर्शीरूपमा प्रतिवेदन तथा नीतिगत विवरण उपलब्ध गराइनेछ।
- कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी र अधिकारहरूबारे स्पष्ट गराउनका लागि मानवस्रोत व्यवस्थापनका उत्कृष्ट अभ्यासहरू प्रयोगमा ल्याइनेछन्।

हामीले काम गर्ने जिल्ला, गाउँ तथा समुदायमा रहेका सरोकारवालाहरूसंग रचनात्मक छलफल गर्न प्रत्येक अवसरको पहल गर्नेछौं। वास्तवमा यी उल्लिखित सिद्धान्तहरू तथा मार्गदर्शनहरूको निमार्ण गर्दा अन्तर्राष्ट्रियस्तरमा परिभाषित मानवअधिकारका सिद्धान्त तथा मापदण्डहरूको पनि अध्ययन गरिएको छ। यी मार्गदर्शनले नेपाल, नेपाली जनता र देशको भावी विकासका लागि अझ सवल, अर्थपूर्ण, दिगो र सफल साझेदारी विकास गर्न योगदान गर्नेछन् भन्ने हामीलाई लागेको छ।

अगैसस (अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको संघ) नेपालमा कार्यरत ७० भन्दा बढी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको संगठन हो।